# काठमाडौं महानगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल**

**पत्र संख्या: ०७६/०७७**
**चलानी नं.:** ०१६४५

मिति २०७६।१२।९

श्री सवै वडा कार्यालय
काठमाडौं महानगरपालिका ।

विषयः निकासा रकम पठाईएको सम्वन्धमा ।

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिकाको मिति २०७६।१२।६ गते बसेको नगर कार्यपालिकाको बैंठकको निर्णय बमोजिम कोरोना भाईरस नेपालमा पनि फैलन सक्ने विशेष अवस्था सृजना भएको सन्दर्भमा यसको रोकथाम र नियन्त्रण सम्वन्धी कार्य तत्काल द्रुत गतिमा अगाडी बढाउन पर्ने देखेकोले कोरोना भाईरस रोकथाम र नियन्त्रण सम्वन्धी गरिने विभिन्न प्रकारका खरिद कार्यहरू गर्न हाललाई लेखा संकेत नम्वर ८६०२०३ बजेट शीर्षक *महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रममा* खर्च लेखांकन गर्ने गरी साना, मझौला र ठूला वडा कार्यालयहरूलाई क्रमश रू. २ लाख, ३ लाख र रू. ४ लाखका दरले निकासा स्वरूप सम्वन्धित वडा कार्यालयको खर्च खातामा रकम स्थानान्तरण भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।
नगरकार्यपालिकाको बैंठकको निर्णय यसै साथ संलग्न भएको ब्यहोरा समेत अनुरोध छ ।

..............................
(बुद्धरत्न मानन्धर [unclear])
प्रमुख
वित्त विभाग

बागदरवार, काठमाडौं, नेपाल । फोन नं.: ४२६८५०६, फचाक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: info@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np

श्री विभागीय प्रमुख,
प्रशासन विभाग
काठमाडौं महानगरपालिका ।

**विश्व स्वास्थ्य संगठनले महामारी घोषणा गरेको Novel Corona Virus (COVID-19) संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि काठमाडौं महानगरपालिकाले देहाय बमोजिम** निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन अनुरोध गरेकोछु ।

१. कोरोना भाइरस संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि आवश्यक सम्पूर्ण कार्य गर्ने गरी कामपा अर्न्तगत रु. १० करोडको आकस्मिक कोष (Emergency Fund) को स्थापना गर्ने । उक्त कोषमा रकम व्यवस्था गर्न कामपाको सम्बन्धित बजेट तथा कार्यक्रम लेखा संकेत नं. ८६०२०३, बजेट शीर्षक महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रममा पर्याप्त बजेट व्यवस्था नभएकोले सो शीषकमा लेखा संकेत नं. ८६०५०४ शीर्षक महानगर विशेष पूर्वाधार कार्यक्रमको लागि विनियोजित बजेट रकमबाट रु. ५ करोड र लेखा संकेत नं. ८००३०० शीर्षक मेयर उज्यालो कार्यक्रमको लागि विनियोजित रकमबाट रु. ५ करोड रकमलाई उक्त आकस्मिक कोष/शीर्षकमा आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सम्बन्धित बजेट शीर्षकमा उपरोक्तानुसार बजेट व्यवस्था गरी स्थापना गरिएको आकस्मिक कोषबाट कोरोना भाईरस संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धी विभिन्न कार्यहरुमा खर्च गर्ने । साथै प्रत्येक वडामा कोरोना भाईरस संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धी आवश्यक खर्च गर्न हाललाई सो कोष/शीर्षकबाट साना, मझौला र ठूला वडाहरुलाई क्रमशः रु. २ लाख, रु. ३ लाख र रु.४ लाखका दरले निकासा पठाउने । विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस नेपालमा पनि फैलन सक्ने विशेष अवस्था सृजना भएको सन्दर्भमा यसको रोकथाम र नियन्त्रण सम्बन्धी कार्यहरु तत्काल द्रुत गतिमा अगाडि वढाउन पर्ने देखिएकोले यस कोरोना भाईरस संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धी कार्य अन्तर्गत गरिने विभिन्न प्रकारका खरिद कार्यहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १४१ बमोजिम सोझै खरिद गर्ने ।

२. कोरना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण एवं डेंगु रोग नियन्त्रणका लागि नेपाली तथा नेपाल भाषामा पर्चा, पम्पेल्ट, व्यानर जस्ता प्रचार सामाग्रीहरु निर्माण एवं वितरण गर्ने ।

३. काठमाडौं महानगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा स्वास्थ्य जनशक्ति, स्वास्थ्य सामाग्री, प्रचार सामाग्री सहितको स्वास्थ्य हेल्प डेक्सहरु स्थापना गरी संचालन गर्ने ।

सक्कलबमोजिमको प्रतिलिपी प्रमाणित

२०७६/११/०८

महेश्वर कापले
निर्देशक